# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंकले पुस १८ गते एक समारोहको आयोजना गरी निवर्तमान डेपुटी गभर्नर श्री वीरबिक्रम रायमाझीलाई विदाई गऱ्यो । विक्रम संवत् २०६२ पुस ७ गते डेपुटी गभर्नर नियुक्त हुनुभएका श्री रायमाझीको कार्यकाल २०६७ पुस ६ गते समाप्त भएको थियो ।

समारोहमा निवर्तमान डेपुटी गभर्नर श्री रायमाझीलाई गभर्नर डा. युवराज खतिवडाले बैंकको तर्फबाट कलात्मक उपहार प्रदान गर्नुभएको थियो ।



सो अवसरमा गभर्नर डा. खतिवडाले निवर्तमान डेपुटी गभर्नर श्री रायमाझीको शिघ्र निर्णय लिन सक्ने क्षमता अनुकरणीय रहेको चर्चा गर्दै उहाँको अवकाश जीवन सुखमय रहोस् भनी कामना गर्नुभयो ।

श्री रायमाझी ऊर्जाशील र क्षमताबान व्यक्तित्व रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले मुलुकको आर्थिक विकासका क्षेत्रमा सरकारले जिम्मेवारी दिए उहाँले आफ्नो क्षमता उपयोग गर्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै निवर्तमान डेपुटी गभर्नर श्री रायमाझीले अर्थतन्त्रको मुटुको रुपमा रहेको बैंक तथा वित्तीय संस्थाहरूको नियामक तथा सुपरिवेक्षण निकाय केन्द्रीय बैंक भएकोले यस सम्बन्धी कार्य सम्पादन गर्दा आवेश (Emotion) र घमण्ड (Ego) लाई त्याग गर्न सक्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले श्री रायमाझी बैंकसेवाबाट बाहिरिनु भए पनि उहाँको सल्लाह र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो ।

बैंकका सञ्चालकहरू र विभागीय प्रमुखहरूको उपस्थिति रहेको उक्त समारोहमा डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारीले धन्यवाद् मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गभर्नरको कार्यालय